आज मिति २०८१ कार्तिक ५ गते सोमबारका दिन तानसेन नगरपालिकाको आ.व. ०८१।०८२ को प्रथम त्रैमासिक २०८१ श्रावण देखि २०८१ आश्विन सम्म भए गरेका योजना तथा कार्यक्रम र विशेष क्रमागत योजना र कार्यालय व्यवस्थापन समेतको श्रीमान् नगर प्रमुख ज्युको अध्यक्षतामा देहायको उपस्थितिमा त्रैमासिक समिक्षा गरी प्राप्त निर्देशनलाई प्रभावकारी रुपमा संचालन गर्ने निर्णय गरियो ।

उपस्थिति

| | |
|---|---|
| श्री सन्तोषलाल श्रेष्ठ | नगर प्रमुख |
| श्री प्रतिक्षा गाहा सिंजाली | नगर उपप्रमुख |
| श्री दुर्गा बहादुर थापा | योजना शाखा प्रमुख |
| श्री भरत प्रसाद आचार्य | प्रशासन शाखा प्रमुख |
| श्री मधुसुदन घर्ती | राजश्व शाखा प्रमुख |
| श्री कोशलराज घिमिरे | लेखा शाखा प्रमुख |
| श्री रामप्रसाद श्रेष्ठ | पुर्वाधार शाखा प्रमुख |
| श्री शिव शर्मा | नक्शा शाखा प्रमुख |
| श्री कोपिला न्यौपाने | शिक्षा शाखा प्रमुख |
| श्री फविन्द्र न्यौपाने | स्वास्थ्य शाखा प्रमुख |
| श्री सन्तोष गैरे | आलेप |
| श्री चिना कुमारी न्यौपाने | स म वि नि |
| श्री प्रकाश गैरे | सुचना प्र अधिकृत |
| श्री रामजी बहादुर | स्टोर प्रमुख |
| श्री राधा घिमिरे | रोजगार शाखा |

निर्णय नं. १

तानसेन नगरपालिका स्थित शाखागत रुपमा प्राप्त भएको प्रगति प्रतिवेदन सुनुवाई सम्पन्न भएकोमा नगर प्रमुख ज्युबाट प्राप्त भएका सुझावहरुलाई सम्बन्धित शाखाले तत्काल कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. २

तानसेन नगरपालिकाको आ.व. ०८१।०८२ को प्रथम त्रैमासिक (२०८१ श्रावण देखि २०८१ आश्विन) सम्मको आम्दानी खर्च देहाय बमोजिम रहेकोले अनुमोदन गर्ने निर्णय गरियो ।

आम्दानी तर्फ: २०८१ श्रावण देखि आश्विनसम्मको कुल रु.३६८२९२५९०१९.४

खर्च तर्फ: कूल रु.१२१२९३२९.४।५४

निर्णय नं. ३

हालको अवस्थामा तानसेन नगर कार्यपालिकाको कार्यालयमा रहेका स्थायी, करार, ज्यालादारी तथा कार्यक्रम तर्फका कर्मचारीहरु देहाय बमोजिम रहेकोले आवस्यकता बमोजिम पद मिलान गर्दैजाने निर्णय गरियो ।

विवरण:

| | | | |
|---|---|---|---|
| १ | अन्य: स्थायी: ४१ | करार ५४ | |
| २ | स्वास्थ्य: स्थायी ३३ | करार २२ (२ जना काज) | |
| ३ | शिक्षा: स्थायी २ जना | करार परिचालक १ | |
| ४ | कृषि: स्थायी १जना | करार अधिकृत १ | एक गाउँ एक प्राविधिक २ जना |
| ५ | पशु: स्थायी ३ जना | करार अधिकृत १ जना | एक गाउँ एक प्राविधिक २ |
| ६ | सरसफाइ: स्थायी ८ जना | करार [illegible] जना | |
| ७ | महिला तथा बालबालिका : स्थायी २ जना | | |
| ८ | राष्ट्रिय परिचयपत्र तथा पंजिकरण सेवा ईकाइ: करार २ जना | | |
| ९ | मेड्पा कार्यक्रम तर्फ: | करार १ जना | |
| १० | रोजगार सेवा केन्द तर्फ: | करार १ जना | |
| ११ | सामी कार्यक्रम: | करार ५ जना | |
| १२ | कानून व्यवसायी: | करार १ जना | |
| १३ | पि एल जि एस पी: | करार १ जना | |
| १४ | दैनिक ज्यालादारी | ३ जना | |

खाली पदहरु:

विभिन्न २२ पद खाली

(कार्यक्रम सहित कूल कर्मचारी संख्या १९६ जना)

निर्णय नं. ४

तानसेन नगरपालिका र मातहतका स्थायी कर्मचारीहरुको का.स.मु. तोकीएको समयमा भरिएकोमा समयमै मूल्याङ्कन गर्ने वातावरण मिलाउने निर्णय गरियो ।

निर्णय नं. ५

तानसेन नगरपालिका र मातहतका जनप्रतिनिधी र कर्मचारीहरुको समय भित्र पेश भएको सम्पत्ती विवरण राष्ट्रिय सतर्कता केन्द्रमा प्रविष्टी गरी तोकीएको स्थानमा समयमै पठाउने निर्णय गरियो ।

निर्णय नं.६

शाखागत रुपमा प्राप्त भएको सुझाव तथा गुनासोहरु नगरप्रमुख ज्यु मार्फत सुनुवाई भएकोमा आगामी दिनमा थप प्रभावकारी वनाउदै र वजेटमा निर्दिष्ट योजना तथा कार्यक्रमहरुलाई अझ सरल प्रभावकारी रुपमा सेवा प्रवाह गर्दै जाने निर्णय गरियो ।

**उक्त निर्णय पश्चात नगर प्रमुख ज्युवाट सधन्यवाद प्रथम समिक्षा वैठक सथगित गर्नुभयो ।**